# राजस्व शिर्षक १४२२९ -अन्य प्रशासनिक सेवा शुल्कप्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## प्रसौनी बहुप्राविधिक शिक्षालय

**प्रसौनी, बारा**

## सिलबन्दी दरभाउपत्र नं. CTEVT-PPI-SECURITY-SQ-2082/83

## (सुरक्षागार्ड सेवा आपूर्ति सम्बन्धी) सिलबन्दी दरभाउपत्र प्रस्ताव

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०३/१६

सिलबन्दी दरभाउपत्र दर्ता गराउने अन्तिम मितिः २०८३/०३/२३ गते दिनको १२ :०० बजेसम्म।

सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समयः २०८३/०३/२३ गते दिनको २:०० बजे।

स्थानः प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्रसौनी बहुप्राविधिक शिक्षालय**

प्रसौनी, बारा

सम्पर्क न. ९८५५०७४०४१

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/१६)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रसौनी बहुप्राविधिक शिक्षालयमा सुरक्षागार्ड सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधीनमा रहि रीतपुर्वकको सिलबन्दी दरभाउपत्र फाराम दाखिला गर्न आह्वान गरिन्छ।

**शर्तहरू:**

१. सिलबन्दी दरभाउपत्र फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रसौनी पोलिटेक्निक इन्स्टिच्युट, कार्यालय कोड-३५०१०२१०१२, राजश्व शिर्षक -१४२२९, राष्ट्रिय वाणिज्य बैंक, खाता नं.-१०००१००२०००१००००, मा (पछि फिर्ता नहुने गरी) रू. १,०००।०० जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी Hard copy दरभाउपत्र ७ (सातौं) दिनको कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले ८ (आठौँ) दिन (सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन दिउँसो १२:०० बजे) सम्म मा दर्ता गर्नुपर्नेछ। रीतपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्र हरू सोही दिन १४:०० बजे सम्बन्धित सिलबन्दी दरभाउपत्र दाताहरूको रोहबरमा यस कार्यालयमा (सिलबन्दी दरभाउपत्र दाता उपस्थित नभए पनि) खोलिनेछ।

२. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ सिलबन्दी दरभाउपत्र जमानत (बिडवण्ड) वापत रू. ३०,०००/- (अक्षरुपी रु. तिस हजार मात्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् , प्रसौनी पोलिटेक्निक इन्स्टिच्युट, प्रसौनी बाराको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, बीरगंज शाखाको को खाता नं.१२५०१००००४८२६००१ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपाल स्थित 'क' श्रेणीको वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ। संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले सिलबन्दी दरभाउपत्रको जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको दररेट तथा कुल रकम अङ्क र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा यस कार्यालयको नाम, सिलबन्दी दरभाउपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नुपर्नेछ। सिलबन्दी दरभाउपत्रमा सिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनुपर्नेछ।

६. हुलाक, कुरियर, इ-मेल वा फ्याक्सबाट प्राप्त सिलबन्दी दरभाउपत्र फारामलाई मान्यता दिइनेछैन। म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नामबाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारामलाई मान्यता दिइने छैन।

७. सिलबन्दी दरभाउपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. प्रस्तावकले सिलबन्दी दरभाउपत्र कार्यालय समयभित्र कार्यालयबाट खरिद तथा दर्ता गर्नुपर्नेछ।

९. अन्य शर्तहरू सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। सूचना र सिलबन्दी दरभाउपत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१०. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको फोन ९८५५०७४०४१, ९८५५०१७०४१ मा सम्पर्क राखी बुझ्न सकिनेछ।

शिक्षालय प्रमुख